# कर्णाली प्रदेश सरकार
# सामाजिक विकास मन्त्रालय
# वीरेन्द्रनगर, सुर्खेत, नेपाल

सम्पर्क नं.:०८३-५२३६७०

## प्रस्तावना पेश गर्ने सम्बन्धी सूचना
प्रथम पटक प्रकाशित मितिः २०८२/१२/१२

यस मन्त्रालयको आ.व.२०८२/८३ को वार्षिक स्वीकृत स्काउट र आत्मरक्षा कार्यक्रम मार्फत युवा नेतृत्व तथा अनुशासनको विकासको लागि रु २०,०००,००।अक्षेरुपी रु बीस लाख विनियोजन भएकोले सो कार्यक्रममा कर्णाली प्रदेशका सबै पालिकाबाट १/१ जना १६-२४ वर्षका किशोर किशोरी सहभागी गराई ६(छ) दिनको आवासीय सुविधा सहितको स्काउट आधारभूत तालिम,किशोरीहरुको लागि आत्मरक्षा सम्बन्धी कम्तिमा ३(तीन) दिनको प्रशिक्षण कर्णाली प्रदेशको कम्तिमा ३ जिल्लामा संचालन गर्न इच्छुक सरकारी तथा गैरसरकारी संघसंस्थाहरुले आफ्ना कागजातहरु सहित सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र तपसिलको शर्तहरुको अधिनमा रही स्वयम् उपस्थित भई सामाजिक विकास मन्त्रालयमा प्रस्तावना पेश गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ ।

तपसिलः

(क) आधिकारिक निकायमा संस्था दर्ता तथा नविकरणको प्रतिलिपि १ प्रति ।(सरकारी निकायको रुपमा लागु नहुने),

(ख) पछिल्लो वा चालु आ.व. भन्दा अघिल्लो आ.ब.को लेखा परीक्षणको प्रतिवेदन सहित २ वर्षकोलेखा परीक्षण प्रतिवेदनको प्रतिलिपी १/१ प्रति,

(ग) स्थायी लेखा नम्वरको प्रमाण पत्रको प्रतिलिपि,

(घ) कार्य गरेको अनुभव पत्र,

(ङ) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(च) पछिल्लो आ.ब.को करचुक्ता प्रमाण पत्र प्रतिलिपी १/१ प्रति वा करचुक्ता प्रमाण पत्र लिन बाँकी भएको संस्थाको हकमा सो प्रमाण पत्र पेश गर्न समयावधि माग गरिएको सक्कल निवेदन एक प्रति,

(छ) प्राविधिक प्रस्तावना र आर्थिक प्रस्तावना सामाजिक विकास मन्त्रालयमा अलग अलग खाममा शिलवन्दी गरिएको १/१ प्रति बुझाउनु पर्नेछ,

(ज) कार्यक्रममा तोकिएको लागतमा अपुग भए आफ्नै निकायबाट थप गर्ने प्रतिवद्धता,

(झ) प्रस्तावनाको ढाँचा र अन्य थप जानकारीका लागि सामाजिक विकास मन्त्रालय, युवा तथा खेलकुद महाशाखामा सम्पर्क गर्न अनुरोध छ ।

थप जानकारीका लागि सम्पर्कः

कर्णाली प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय
युवा तथा खेलकुद महाशाखा वीरेन्द्रनगर, सुर्खेत
वेब साईटः https://mosd.karnali.gov.np सम्पर्क नं:९८५८०८८०९९